# बुलिङटार गाउँपालिकाको शिक्षक तथा विद्यालय कर्मचारी छनौट कार्यविधि – २०८०

कार्यपालिकाबाट पारित मितिः२०८०।०७।२३

**प्रस्तावनाः**

नेपालको संविधान, २०७२ को अनुसूची - ८ ले स्थानीय तहलाई माध्यमिक तह सम्मको शिक्षाको व्यवस्थापन गर्ने अधिकार प्रदान गरेको तथा बुलिङटार गाउँपालिकाको स्थानीय शिक्षा ऐन, २०७६ को दफा ३३ को उपदफा (१) मा विद्यालयमा रिक्त शिक्षक तथा कर्मचारी छनौट गरी करार नियुक्तिको लागि सिफारिस गर्न विद्यालय शिक्षक तथा कर्मचारी छनौट समिति गठन गर्ने व्यवस्था भएकोले करारमा शिक्षक नियुक्ति सम्बन्धी कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत गराई शिक्षक छनौट पद्धतिलाई पारदर्शी, निष्पक्ष र व्यवस्थित बनाई सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न वाञ्छनीय भएकोले बुलिङटार गाउँ कार्यपालिकाबाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१.१ संक्षिप्त नाम र प्रारम्भ**

(क) यो कार्यविधिको नाम बुलिङटार गाउँपालिकाको 'शिक्षक तथा विद्यालय कर्मचारी छनौट कार्यविधि - २०८०' रहेको छ ।

(ख) यो कार्यविध बुलिङटार गाउँकार्यपालिकाको बैठकले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

**१.२ अर्थ र परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **'कार्यालय'** भन्नाले बुलिङटार गाउँकार्यपालिकाको कार्यालयलाई जनाउँदछ ।

(ख) **'इकाइ'** भन्नाले शिक्षा विकास तथा समन्वय इकाइलाई जनाउंदछ ।

(ग) **'अध्यक्ष'** भन्नाले बुलिङटार गाउँपालिकाको अध्यक्षलाई जनाउँदछ ।

(घ) **'उपाध्यक्ष'** भन्नाले बुलिङटार गाउँपालिकाको उपाध्यक्षलाई जनाउँदछ ।

(ङ) **'प्रमुख प्रशासकीय अधिकृत'** भन्नाले बुलिङटार गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँदछ।

(च) **'शाखा प्रमुख'** भन्नाले बुलिङटार गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखलाई जनाउँदछ।

ई. दिपेन्द्र सुनारी
अध्यक्ष

CamScanner

(ञ) नतिजा प्रकाशन भएको मितिले एक वर्ष भित्र विज्ञापित पद रिक्त हुन आएमा शिक्षा शाखाको पूर्व स्वीकृति लिई वैकल्पिक उम्मेदवारलाई विद्यालय व्यवस्थापन समितिले करारमा नियुक्त गर्नुपर्नेछ।

(झ) छनौट कार्यमा खटिने कर्मचारी र विषयविज्ञले नियमानुसार गाउँपालिका कार्यालयबाट बैठक भत्ता, पारिश्रमिक तथा यातायात खर्च गरी एकमुष्ट रकम गाउँ शिक्षा समितिले तोके बमोजिम पाउनेछन् ।

परिच्छेद ४

विविध

बुलिङटार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुलिङटार, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल
२०७३

४.१ अनुगमन

छनौट परीक्षा लगायतका कामकारबाहीको नियमित अनुगमन पालिका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतबाट हुन सक्नेछ।

४.२ विद्यालय पालिका अनुदान कर्मचारीलाई दिइने सुविधा :

गाउँपालिका अनुदानबाट तलबभत्ता खानेगरी नियुक्ति भएका बालविकास शिक्षक/कम्प्युटर शिक्षक/विषयगत शिक्षक/ स्वयम् सेवक शिक्षकहरुको मासिक पारिश्रमिक गाउँकार्यपालिकाको बैठक वा विद्यालय व्यवस्थापन समितिको बैठकले निर्धारण गरेबमोजिम दिईनेछ ।

४.३ बचाउ र संरक्षण

(क) यस कार्यविधि बमोजिम नियुक्त हुने र यस अघि पालिकाबाट लिईएका शिक्षक छनौट सम्बन्धि परीक्षाबाट छनोट भई नियुक्ति पाई कामकाज गरिरहेका शिक्षकहरुको अभिलेखीकरण शिक्षा विकास तथा समन्वय इकाई वा शिक्षा शाखाले गर्नेछ ।

(ख) यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले प्रष्ट पार्नेछ ।

(ग) यस कार्यविधिसँग संघीय तथा गण्डकी प्रदेशको कानुन बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ । साथै गण्डकी प्रदेश सरकारले स्थानीय तहको शिक्षक तथा विद्यालय कर्मचारीको पदपूर्ति सम्वन्धी कानुन बनाएमा सोही बमोजिम हुनेछ।

प्रमाणीकरण मितिः २०८०/०७/२३

ई. दिपेन्द्र सुनारी
अध्यक्ष

CamScanner